वर्ष : २०, अंक : २४, काठमाडौं, २०८१ मंसिर ७ गते शुक्रबार, 22 November, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## जसपा नेपालका अध्यक्ष यादव र रसियन प्रतिनिधिबीच भेटवार्ता



काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव र रसियाका रसियन कम्युनिष्ट पार्टीका प्रतिनिधि मण्डलबीच भेटवार्ता भएको छ ।

बुधबार दिउँसो राजधानी काठमाडौंमा भएको द्वयपक्षीय भेटवार्तामा नेपालको शान्ति प्रक्रिया, सामाजिक न्याय, मानवअधिकार, समाजवाद र लोकतन्त्र लगायतका बिषयमा जसपा नेपालका अध्यक्ष यादव र रसियन कम्युनिष्ट पार्टीका केन्द्रीय नेताहरुबीच छलफल भएको छ ।

सो भेटवार्तामा लोकतन्त्रको रक्षा, सामाजिक न्यायको स्थापना र शान्ति प्रक्रियालाई निष्कर्षमा पु¥याउने सवालमा जसपा नेपाल र रसियन कम्युष्टि पार्टीबीच समान धारणा रहेको र परिवर्तनकारी यी यावत उपलब्धि रक्षाका लागि दुबै पार्टी प्रतिबद्ध रहेको जसपा नेपालका अध्यक्ष यादवको निजी सचिवालयले जनाएको छ ।

## विवाहपञ्चमी महोत्सवलाई भव्य र व्यवस्थित बनाउन मधेश सरकारको अग्रसरता



जनकपुरधाम । जनकपुरधाममा आयोजना हुने रामजानकी विवाह महोत्सवलाई थप व्यवस्थित, प्रभावकारी र आकर्षक तथा मेला भर्न आउनेहरूका लागि सुविधाजनक बनाउन मधेश प्रदेश सरकारले सरोकारवालाहरूसँग छलफल गरेको छ ।

मङ्सिर २१ गते मार्ग शुक्ल पञ्चमी तिथिमा हुने स्वयंवर र वैवाहिक कार्यक्रम एवम् त्यसअघिका विवाहपूर्वका विधिविद्यानमा सहभागी हुन लाखौंको सँख्यामा जनकपुरधाममा आउने श्रद्धालुभक्तजन र साधुसन्तका लागि बास, शौचालय, खानेपानी, सुरक्षा तथा अन्य सेवा व्यवस्थापनका विषयमा सरोकारवालासँग छलफल गरिएको मुख्यमन्त्री सतिशकुमार सिँहले बताए ।

जनकपुरधामस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मुख्यमन्त्री सिँहको अध्यक्षतामा बिहीबार बसेको बैठकमा विवाहपञ्चमी महोत्सवलाई भव्य एवम् व्यवस्थित बनाउन तीनै तहको सरकारले गर्नुपर्ने कार्यका बारेमा निर्णायक छलफल भएको हो । बिहीबारको बैठकमा तीनै तहका सरकारले दोहोरो नहुने गरी मितव्ययी ढङ्गले महोत्सवका व्यवस्थापकीय सहकार्य गर्ने विषयमा छलफल भएको प्रदेश सरकारका प्रमुख सचिव लोकनाथ पौड्यालले जानकारी दिए ।

बैठकमा विभिन्न पाँच ठाउँबाट डिस्पलेका माध्यमबाट महोत्सवबारे जानकारी, महोत्सवका दृश्य विनिमय तथा अवलोकन गराउने, ठाउँठाउँमा प्राथमिक उपचारसहितको स्वास्थ्य शिविर राख्ने, बिरामी तथा चोटपटकका शिकार हुनेको उद्धार तथा उपचारका लागि एम्बुलेन्स तथा निजी तथा सरकारी अस्पतालमा निःशुल्क उपचारका लागि बेड व्यवस्था तथा ट्रमा सेन्टर सञ्चालन गर्ने , औषधिमूलोसहित रेपिड रेस्पोन्स टिम परिचालन गर्ने, विभिन्न स्थानमा खाने तथा अन्य प्रयोजनका लागि पानीको आपूर्ति मिलाउने, अघिल्ला वर्षहरूभन्दा बढी सँख्यामा सफाइकर्मीसहित शौचालय व्यवस्थापन गर्ने, सडकबत्तीको व्यवस्थापन गर्ने र सिसिटिभी तथा ड्रोनबाट संवेदनशील ठाउँका गतिविधि निगरानी गर्ने आदि निर्णय भएका छन् ।

बैठकमा सहभागी एक अधिकारीका अनुसार वैवाहिक कार्यक्रमका लागि उपयोग हुने जानकी मन्दिर परिसर, बाह्रबिघा र मणिमण्डप क्षेत्र तथा त्यहाँसम्मका बाटामा भिड व्यवस्थापन, पसल सञ्चालन र सरसफाइ लगायत कार्यमा बढी जोड दिइनेछ । महोत्सवका लागि सुरक्षा निकायले संयुक्त कार्ययोजनाका आधारमा सयौँको सँख्यामा सादा पोसाकसहितका सुरक्षाकर्मी परिचालन गर्नेछन् ।

वैवाहिक कार्यक्रममा अयोध्याबाट आउने पाँच सयभन्दा बढी जन्तीको आवास तथा भोजनका लागि विशेष व्यवस्था गरिनेछ । त्रेतायुगमा भएको रामजानकी विवाहलाई जीवन्त राख्न जनकपुरधाममा प्रत्येक वर्ष विवाहपञ्चमी पर्व मनाउने गरिन्छ ।

# 'मधेशबाट सुरु भयो भ्रष्टाचार विरोधी आन्दोलन'



वीरगंज । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले 'भ्रष्टाचार विरुद्ध मधेश यात्रा' पूर्णरुपमा सफल भएको बताउदै छिटै नै अन्य प्रदेशमा समेत अभियान सञ्चालन गर्ने उदघोष गरेका छन् ।

आजपा मधेश प्रदेश कमिटीद्धारा आयोजित 'भ्रष्टाचार विरुद्ध मधेश यात्रा' अभियानको समापन गर्दै उनले भ्रष्टाचार विरुद्ध लड्न मधेश तयार रहेको बताए । पूर्णरुपमा सफल भएको भ्रष्टाचार बिरुद्धको अभियान अब छिटै नै अन्य प्रदेशहरुमा समेत हुने उनले बताए ।

आजपा अध्यक्ष साहको प्रमुख आथित्यमा सम्पन्न भएको अभियान भव्यरुपमा सम्पन्न भएको पार्टीको निष्कर्ष रहेको छ । अभियानमा बढदै गएको जनसहभागिताबाट उत्साही आजपाले भ्रष्टाचारीलाई जनकारवाही गर्नुपर्ने जनाएको छ । भ्रष्टाचारी, लुटेरहरुले मुलुकको ढुकुटी सिद्धयाएको, नेपाली जनतामाथि ऋृण थोपारेको, मनोमानी कर बढाएकाले जनतामा जनचेतना जगाउन यस्तो अभियानको आवश्यक्ता रहेको आजपाको बुझाई रहेको छ ।

मुलुकमा बढदै गईरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवं महंगी विरुद्ध आजपाले यात्राको क्रममा आवाज उठाएको छ । आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनपरी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारको ठगी, भन्सारको मनोमानी कर लगायतका बिषयमा आवाज उठाउदै स्थानीय, सर्वसधारण एवं सरोकारवालाहरुसंग छलफल समेत यात्राको क्रममा गरेको छ ।

आजपा प्रवक्ता एवं उपमहासचिव चन्द्रभुषण साहका अनुसार भ्रष्टाचार बिरुद्धको मधेश यात्रा कार्यक्रम सप्तरीबाट सुरु भएर पर्सा पुगेर समापन भएको हो । सप्तरीको राजविराजबाट सुरु भएको यात्रा पर्साको निचुटा पुगेर आमसभा गर्दै सम्पन्न भएको छ । पाँच दिनसम्म चलेको भ्रष्टाचार बिरुद्धको मधेस यात्रा कार्यक्रम १ मंसिरमा सुरु भई ५ मंसिरमा सम्पन्न भएको छ ।

भ्रष्टाचार बिरुद्ध मधेशमा अभियान र सोही दिन काठमाडौंमा तीनै तहको सरकारको मनोमानी कर बिरुद्ध विरोध प्रदर्शन आजपाले गरेको थियो । मधेश र काठमाडौंमा एकै दिन छुटाछुटै दुई कार्यक्रम सम्पन्न गरेको आजपाले छिटै नै अन्य प्रदेशमा समेत बिशेष अभियान सञ्चालन गर्ने तयारीमा रहेको छ ।

'मंसिर १ गते सप्तरीबाट शुभारम्भ भएको हाम्रो मधेश यात्राको पहिलो दिन राज्य पक्षबाट भएको अप्रत्याशित एवं अस्वभाविक अवरोधका बावजुद पनि आम न्यायप्रेमी जनसमुदायको न्यानो माया, प्रेम र आर्शिवाद सहितको स्वागत - सम्मान र अभुतपूर्व ऐक्यबद्धताले भ्रष्टाचार बिरोधी हाम्रो संघर्षमा थप रक्तसञ्चार सृजना गरेको छ' प्रवक्ता साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

अभियानका क्रममा आमसभा, अन्तरक्रिया, बैठक, भेलाका साथै बिभिन्न कार्यक्रम सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा भएको छ । सो क्रममा दर्जभन्दा बढी ठाउँमा आमसभा, भेलाहरुका साथै सयौं व्यक्ति आजपामा प्रवेश गरेका छन् । बिभिन्न पार्टी परित्याग गरी नेताकार्यकर्ता आजपामा प्रवेश गरेको पार्टीले जनाएको छ ।

'अभियानलाई सफल एवं सार्थक बनाउन नेतृत्वगणको निकासमुखी दिशानिर्देश, आईटी आर्मीको अथक सुरक्षा एवं समन्वयकारी भूमिका, कलाकारहरुको कारुणिक एवं मर्मस्पर्शी प्रस्तुतिहरू, पत्रकार साथीहरुद्वारा समयमैं सही सूचनाहरुको सम्प्रेषण तथा व्यवस्थापन टोलीको कुशल व्यवस्थापनले गर्दा अभियानमा थप रौनक एवं चारचान्द लगाएको ठहर सहित सम्पूर्ण सहयोगी एवं शुभेच्छुकहरूमा एकमुष्ट हार्दिक आभार सहित विशेष धन्यवाद समेत व्यक्त गर्दछौं' आजपाले सबैलाई धन्यवाद दिदै भनेको छ ।

# ढुंगानाको निधनप्रति लोसपाद्वारा समवेदना व्यक्त

काठमाडौं । प्रतिनिधि सभा सदस्य, प्रतिनिधिसभाको प्रथम समामुख, लोकतान्त्रिक आन्दोलनको अग्रणी योद्धा, मानव अधिकारको अभियन्ता, नागरिक आन्दोलनको अगुवा, संविधानविद्य तथा नेपाली कांग्रेसको नेता **दमननाथ ढुङ्गना**को असामयिक निधनप्रति लोसपा नेपालले समवेदना व्यक्त गरेको छ ।

लोसपाका महासचिव डा.सुरेन्दू झाले शोक सन्देश जारी भनेका छन्, 'दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडिमा शोक सन्तप्त परिवार प्रति लोसपा नेपाल हार्दिक समवेदना प्रकट गर्दछ ।'

नेपालको लोकतान्त्रिक आन्दोलन, संसदीय व्यवस्थाको संस्थागत विकास एवं सशस्त्र आन्दोलनलाई निष्कर्शमा पुऱ्याउन १२ बुँदे सहमति देखि शान्ति सम्झौताको कार्यन्वयन गर्नमा स्वं ढुङ्गानाको योगदान अतुलनीय रहेको उनले स्मरण गरेका छन् ।

'उहाँ मधेश र मधेशी लोकतान्त्रिक पद्धतिको पहरेदार रहेको एवं मधेशी नागरिकलाई मुलुकको राजनीतिको मुल प्रवाहमा ल्याउँदै राज्यको सम्पूर्ण संयन्त्रमा पूर्ण सहभागिता हुनु पर्दछ भनेर निरन्तर बकालत गर्दै आउनु भएको थियो ।' शोक सन्देशमा भनिएको छ ।

# नेपाल सद्भावना पार्टीको अध्यक्षमा महतो निर्विरोध

जनकपुरधाम । नेपाल सद्भावना पार्टीको जनकपुरधाममा सम्पन्न सातौं राष्ट्रिय महाधिवेशनले रामकुमार महतोको अध्यक्षतामा ११ सदस्यीय केन्द्रीय पदाधिकारी निर्विरोध निर्वाचित गरेको छ ।

गएको मंसिर १ देखि ३ गतेसम्म चलेको महाधिवेशनले राष्ट्रिय अध्यक्षमा महतोलाई निर्विरोध निर्वाचित गरेको हो । यस्तै, वरिष्ठ नेतामा सरिता गिरी, सह अध्यक्षमा कालीपद शर्मा, उपाध्यक्षत्रयमा रमेश प्रसाद सिंह, कामदेव झा र इन्दिरा पाल निर्वाचित भएका छन् । यस्तै महासचिवमा महोत्तरीका पवन कुमार साह निर्विरोध निर्वाचित भएका हुन् ।

नेपाल सद्भावना पार्टीले मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलन गरेर महाधिवेशनको निर्णयहरु सार्वजनिक गर्दै केन्द्रीय कोषाध्यक्षमा धनुषाका फुलप्रास देवीलाई निर्वाचित गरेको जनाएको छ ।




सह महासचिवत्रयमा सविता कुमारी, सुजय कुमार झा र त्रिभुवन कुमार महतो निर्वाचित भएका छन् ।

यस्तै महाधिवेशनबाट १९ सदस्यीय कार्यकारिणी समिति पनि निर्वाचित भएको छ ।

कार्यकारिणी सदस्यहरुमा अमर यादव, मंगल महतो, सुष्मा सहनी, रामनारायण मेहता, कामदेव झा, गणेशकुमार झा, सरस्वतीकुमारी झा, बालबोध झा, पवन कुमार साह, रामबाबु महतो कोइरी, बिनादेवी राय लगायतका छन् ।

यस्तै महाधिवेशनबाट २५ सदस्यीय केन्द्रीय कार्य समितिसमेत निर्वाचित भएको महासचिव पवन कुमार साहले बताए ।

महाधिवेशनले वरिष्ठ नेतामा डा. कृष्णचन्द्र साहलाई मनोनित गर्ने निर्णय गरेको छ भने महोत्तरीका रामचन्द्र महतोलाई सर्वमाननीय नेता मनोनित गरेको हो ।

रामनरेश साहसहित ६ जनालाई कार्यकारिणी समिति सदस्य समेत मनोनित गरिएको महासचिव साहले जानकारी दिए ।

महाधिवेशनले पूर्ण समानुपातिक निर्वाचन प्रणाली, स्थानीय तहमा दलविहीन निर्वाचन प्रणाली, प्रदेशहरुको संरचना हेरफेर गरी पहिचानसहितको अधिकारसहितको स्वायत्त प्रदेश स्थापना, संघीय गणतान्त्रिक हिन्दु राष्ट्रको पुनर्स्थापना लगायतको मागलाई अनुमोदन गरेर अघि बढ्ने निर्णय गरेको हो ।

## सम्पादकीय

# मधेशको सामाजिक जीवन

विजित क्षेत्र मधेशका बासिन्दालाई भाषा, संस्कृति, आर्थिक, सामाजिक हरेक क्षेत्रबाट रूपान्तरित गरी खस प्रभावमा ल्याउन अथक प्रयास शासकवर्गले गर्दै आएको छ। मधेशीलाई कसरी नियंत्रणमा राख्ने भन्ने मानसिकताबाट प्रेरित शासकवर्ग शासकीय रणनीति बनाएर लामो समय देखि मधेशमा आफनो बदनियतिको जालो फिंजाएको थियो। अनेक प्रकारका षडयन्त्रको जालमा सिंगै मधेशलाई पारेर शोषणका साथ मधेशीलाई मानसिक रूपले गुलाम बनाउन शासकहरू सफल पनि भएका थिए। शासकवर्गले २४० वर्ष देखि मधेशीलाई विदेशी भनेर अमानवीय रूपले शोषण गरेको यति लामो इतिहासलाई मधेशी कहिल्यै बिर्सिने छैन।

मधेशीलाई नियन्त्रण गर्न आप्रवासन शासकवर्गको अमोघ अस्त्र थियो र मधेशलाई नियन्त्रण गर्न यो प्रभावकारी साबित पनि भयो। गैर मधेशीको आन्तरिक बसाई सराईले मधेशीहरू गरिब, दरिद्र र कंगाल हुँदै हजारौंको संख्यामा बिस्थापित हुन बाध्य भयो। उनीहरूको घर, जग्गामा गैर मधेशीको कब्जा भयो। आप्रवासन स्वाभाविक रूपले आएको होइन, शासकवर्ग को शासकीय रणनीति तहत बदनियतपूर्ण ल्याइएको कार्यक्रम थियो। मधेशको गाउँ गाउँमा गैर मधेशीको अधिपत्य कायम भयो। गाउँ देखि दरवार सम्म उनीहरूको पहुँच भएकोले उनीहरूले सहजै मधेशमाथि कब्जा जमायो। राज्यविहिन मधेशीको कुनै पहुँच नभएकोले मधेशको प्रत्येक गाउँमा प्रकट भएको यो जिउँदो भगवानको स्तुति, यशोगान बाहेक मधेशीको लागि कुनै विकल्प रहेन। विस्थापित हुनेहरू विस्थापित भए, अरूहरू गुलामीको जीवन जिउन बाध्य पारिए।

जिल्ला जिल्लामा अड्डा प्रमुखहरू, हाकिमहरू सबै गैर मधेशीहरू हुन्थे। जो आए पनि उनीहरूको साइनोमा नाता पर्ने नै हुन्थे। मधेशीहरूको सहज रूपमा काम गराइ दिंदा गाउँमा नाम चले पछि ठूला बन्नु स्वभाविक पनि थियो। मधेशी जति ठूला भएपनि अड्डाबाट सहज रूपमा काम गराउन सक्दैनथे अर्थात् गैर मधेशीहरूको प्रभाव बढाउन हाकिमहरू पनि शासकीय रणनीतिबाट निर्देशित थिए। यसरी गाउँ गाउँमा अधिपत्य कायम गरेका गैर मधेशीहरूको माध्यमबाट मधेशीहरूलाई मानसिक रूपले गुलाम बनाउने प्रक्रियाको थालनी भयो र शासकवर्गले यो प्रक्रियाबाट आशातीत सफलता पनि हासिल गर्‌यो। मधेशीहरू शासकीय शिकंजामा २४० वर्ष सम्म भेदभाव, उत्पीडनको पीडा भोग्नु पर्‌यो। २४० वर्ष पछि मात्र मधेश शासकीय चरित्रलाई बुझ्न सक्यो र आफ्नो अधिकारको लागि विद्रोह गर्‌यो। मधेशमा जागरण आयो, यही ठूलो उपलब्धि हो।

मधेशका जिल्लाहरूमा औलोको प्रकोप पर्याप्त मात्रामा रहेका कारण आन्तरिक बसाई सराई कमै मात्रामा हुन्थ्यो। सरकारको औलो उन्मूलन कार्यक्रमले विस्तारै निर्मूल गर्दै जाँदा बसाई सराईले तीब्रता पायो। दरबारका उच्च ओहदावाल, जर्नेल कर्नेल तथा सेनाका उच्च पदाधिकारी, पण्डित पुजारी, कृपापात्रहरूले मधेशका सयकडौं बीघा जग्गा बख्शीशको नाममा बिर्ता पाएर मधेशको प्रत्येक जिल्लामा पहिले देखि जमींन्दारी उपस्थिति बनाएर राखेका थिए। औलोको प्रकोप हटे पछि पहाडबाट लाखौंको संख्यामा मानिसहरू मधेश झर्न थाले। सेवा निवृत भएका भू.पू. सैनिकहरूलाई (ब्रिटीश, भारतीय र नेपाल) सीमा सुरक्षाको निहुँमा हजारौं बीघा जमीन दिएर नेपाल सरकारले सीमा सुरक्षा गर्ने उद्देश्यले बसायो।

२०२३ साल सम्म मधेशको कु क्षेत्रफलको ४० प्रतिशत वन जंगलले ओगटेको थियो। पहाडबाट बसाई सरेर आउनेहरूले व्यापक मात्रामा वन फडानी गरे। सरकारद्वारा अनुमोदित वन फडानी गर्ने यी आप्रवासीहरूको वसोवास गराउन सरकारले राप्ती भ्याली विकास योजना, कंचनपुर पुनर्वास आयोजना, कैलाली पुनर्वास आयोजना, ताराताल पुनर्वास आयोजना, नवलपरासी पुनर्वास आयोजना, सर्लाही पुनर्वास आयोजना, झापा पुनर्वास आयोजनाको नामबाट लाखौं बीघा जग्गा वन फडानी गरी वितरण गर्‌यो। २०३६ सालको जनमत संग्रहमा निर्दलीय पंचायती व्यवस्थालाई जिताउन सुर्य बहादुर थापाको सरकारले लाखौं हेक्टर वन फडानी गर्न लगायो। आफ्नै किसिमको भाषा, धर्म, संस्कृति, वेशभूषा, रीतिरिवाज, परम्परा रहेको मधेशी समाजको जीवनशैली भिन्न प्रकारको रहेकोले आन्तरिक गैर मधेशीको बसाई सराईका कारण आर्थिक शोषणका साथ मधेशीको सामाजिक जीवनमा नराम्रो प्रभाव पार्‍यो। वन जंगलको व्यापक विनाशले वातावरणीय असन्तुलनका कारण मधेश मरूभूमिको रूपमा परिणत हुन लागेको छ।

गतांकको बाँकी...

# राष्ट्रिय मुक्ति क्रान्ति नेपालको पुरक दस्तावेज

## (कार्यदिशा एवं एकीकृत कार्ययोजनाको संस्लेषण)

अधिक मुद्राले न्यून वस्तु खरिद गर्न सक्छ। बेरोजगारी आफ्नो मुद्रा अस्वीकार गर्न थाल्दछन्, जीवनस्तर घट्छ। स्वयं मुलुककै नागरिकले आफ्नै देशको मुद्रा स्वीकार गरेनन्। मुद्रास्फीति बढेर जिम्बाबेका नागरिकहरूले गरेजस्तै हुन्छ। यसबाट उन्मुक्ति पाउन, यस्तो अवस्थाले एउट क्रान्तिको मांग गरेको छ।

(घ) जहाँ संघर्षलाई पुरानै तरिकाले तथा पुरानै विचारले चलाउन पनि सकिदैंन, उपरोक्त गम्भीर परिस्थिति भए पनि विगतमा भएको संघर्ष झैँ उस्तै आन्दोलनको पक्षमा जनता छैन। विगतमा भएको बिशाल मधेश आन्दोलनले( नाकाजाम सम्मको) कुनै नतिजा दिन सकेन, अब पुन: मात्रै मधेशीको आन्दोलनको कल्पना गर्न जनता तयार छैन। विगतमा भएको उत्पीडितहरुको छुट्टाछुट्टै एकल आन्दोलन र एकल एजेन्डामा आन्दोलन हुन् सक्तैन। अर्थात उस्तै प्रकृतिको आन्दोलन र उस्तै एजेन्डा अब रुचिकर पनि रहेन। अझ पुरानै विचारले यी तमाम बेथितिविरुद्ध आन्दोलन हुन् पनि सक्दैन र त्यसले नतिजा पनि दिनेवाला छैन। नेपालमा रहेका जति पनि दल छन् वा विचार छन्, यदि उ गैर कम्युनिष्ट हुन् भने उ 'उदारवादी', 'प्रजातान्त्रिक समाजवाद' वा 'सामाजिक लोकतन्त्र' पक्षधर हुन् तर यो विचार एक्काइसौं शताब्दीका लागि कुनै नयाँ विचार हैन, न त यसले कुनै नयाँ तथा उन्नत अभ्यासको मार्गदर्शन नै गर्न सक्दछ। यो धारको राजनीति उन्नाइसौं शताब्दीको उत्तरार्धतिर जर्मनीबाट संस्थागत भएको थियो। फर्डिनान्ड लासाल, एडबर्ड बर्नस्टिन, कार्ल काउत्स्की आदि यो धारका मुख्य चिन्तक थिए। यी विचारमा अब कुनै विश्वास पनि रहेन। बि पी विचार र सिद्धान्तले देश नै अघि बढ्न नसक्ने भएपछी यी विचारबाट उपरोक्त समस्या हल हुने र त्यसको निम्ति संघर्ष हुने कुरै भएन।

त्यसैगरी कम्युनिष्ट विचार जुन २०० वर्ष पुरानो हो, अहिले असान्दर्भिक मात्र हैन, हास्यास्पद साबित भइसकेका छन्। जस्तो- सर्वहारा राज्य, अतिरिक्त मूल्य, एकदलीय सोभियत शासन व्यवस्था, निजी सम्पत्तिको उन्मूलन, बजार अर्थतन्त्रको अन्त्य र कम्युन प्रणाली जस्ता अवधारणा बिल्कुलै वाहियात साबित भइसकेका छन्। उपरोक्त सबै विचारधाराले सीमान्तकृत जातीय, भाषिक, साँस्कृतिक, धार्मिक तथा एतिहासिक समुदायलाई विग्रह, अलगाव स्थितिमा पुर्याई दियो। केही नयाँ दल आए पुरानालाई गालि गरेर तर उनीहरु विचार र एजेन्डामा भन्दा बढी 'उमेर-समूह अवधारणा' मा विश्वास गर्थे। 'पुराना र पाको उमेरका मान्छे सबै खराब हुन्छन्' भन्ने सोच बलियो थियो। यस्तो सोचले दुर्घटना गराउँछ, केवल हाम्रो भावनाको ब्यापार गर्छ। सबै उही र उस्तै हुन्, अन्तत: सबै चण्डाल नै निस्कन्छन् भन्ने अब आम सहमति जस्तै बनेको छ। कसैलाई कसैप्रति विश्वास छैन। फेरि त्यही पुनरावृत्ति त हो, यदि छ भने के हो भिजन ? जो अहिलेको भन्दा फरक होस्, त्यसले परिणाम दिन्छ भन्ने न्यूनतम सुनिश्चितता होस्!' भन्ने गम्भीर प्रश्नको हल नखोजी पुरानै ढर्राले संघर्षको पक्षमा जनता छैनन्।

(ङ) जहाँ जनताको तिब्र असन्तोष र त्यसका विरुद्धको तीव्र संघर्षको चाहना हुन्छ

देशमा आशा र उत्साह छैन। निराशा नै निराशा छाएको छ। पर क्षितिजमा समेत आशाको किरण देखिँदैन। नेपालीहरूमा बढदो आक्रोश र असन्तोष जताततै छताछुल्ल देखिने गरेको छ, छरपष्ट तथा विसृंखलित तवरवाट अभिव्यक्त भइरहेको हुन्छ। हुन् त अहिले सारा विश्व नै कोलाहल र तीव्र सामाजिक परिवर्तनको अवस्थामा छ। संसारका धेरै मुलुकमा कोलाहल छ। नेपाल मात्र विशिष्ट छैन। विश्व जस्तै नेपालले पनि परिवर्तन खोजेको छ। तर लामो समयदेखि नेपालमा स्थिरता नदेखिएको साचो हो। प्राय दश बर्षमा आन्दोलन हुने तर परिवर्तन केही नहुने भएपछि जनता 'सतीले सरापेको देश' को भाकामा चित बुझाउने गर्छन्। नेपाल कुनै दिन समुन्नत र गर्व गर्न लायक देश बन्छ भन्ने कुरामा विश्वास छैन। नागरिकमा अविश्वासको अवस्थाले नागरिकमा राज्यप्रतिको अपनत्वको मात्रा कम हुँदै गएको छ। यस्तो अवस्थामा जनआक्रोश भजाउने उखरमाउलो जुन पपुलिज्मले पनि आश नदिदा जुन गोरु आएपनि कानै चिरेको जस्तो अनुभूति भएको छ। राजनीतिमा त्यो बेला छाएको रिक्तता, शून्यता र 'ग्याप' थियो। पुरानासँग रिसाएकाहरूले वा नयाँ विकल्प खोज्नेहरूले भोट हाल्ने ठाउँ नै थिएन, त्यसैले उनीहरुबाट धेरै आश गर्ने ठाउँ थिएन यद्दपी उनीहरुबाट पनि पाएको धोखाले थप निरास भएका छन्। हामीले के बुझ्न जरूरी छ भने 'अनुपलब्धता' को बेला 'उपलब्धता' ले केही आशा दिन्छ तर 'उपलब्धता' 'गुणवत्ताहीन' काम न काजको छ भने त्यसले असन्तुष्टि, निराशा, वितृष्णा र विद्रोहको भावना झनै बढाउँछ। जुन दिनदिनै देखिदै आएको पनि छ। केही समययता पुराना शक्तिहरुप्रतिको दलहरु प्रतिको जनवितृष्णा ह्वात्तै बढेर गएको छ।

त्यसो त २०७२ को संविधान जारी गर्ने समयमा मधेसी, आदिवासी जनजातिलगायत अन्य उत्पीडित जनतामाथि लोकतान्त्रिक र साम्यवादी भनिने कांग्रेस र कम्युनिष्ट असहिष्णु बने। गोलीबारीबीच संविधानलाई जारी गरियो। इतिहासदेखि नै वञ्चितीकरणमा परेका उत्पीडित मधेसी, आदिवासी जनजाति, थारू, मुस्लिम, दलित, पिछडा वर्ग, महिलालगायतको मुक्तिको आकांक्षाका खातिर आज नयाँ ध्रुवीकरण प्रारम्भ भएको छ/। बर्षौंदेखि लिम्बुवान आन्दोलनरत छ, उपत्यकाभित्रै लप्सीफेदीमा जारी प्रतिरोधी आन्दोलन निरन्तर चलिरहेकै छ। जर्सिङपौवामा हाइटेन्सन लाईनले तामाङ समुदायलाई विस्थापित गर्न खोजेको विरुद्धको आन्दोलन पनि निरन्तर छ/। यस वाहेक विद्यार्थी, युवा, पेशाकर्मी, नागरिक समाज विभिन्न संघ संस्था एवं अभियान निरन्तर आन्दोलनरत रहन्छन। बेलाबेलामा असंगठितहरुको आक्रोशका समाचार पनि सुनिरहेका हुन्छौ। हुन् त हरेक द्वन्द्व, असन्तोष, विद्रोह जनआन्दोलनमा फेरिन भने सक्दैनन्। आन्दोलनलाई जनआन्दोलनमा फेरिन समय लाग्छ। तर अवस्थाले अर्को क्रान्ति चाहिँ मांग गरिसकेको छ। नेपालमा दिनैदिन आन्दोलन, बिरोध हुन्छन्, कुनै न कुनै तरिकाले असन्तुष्टि पोखिरहेकै हुन्छ। के यसको सम्बन्ध विकेन्द्रित मनोविज्ञानसँग मात्रै सम्बन्ध छ ? छैन। यसको सम्बन्ध राज्यसत्तासँग छ। त्यसले गरेको उत्पीडनसँग सम्बन्ध छ। त्यसले गरेको व्यवहारसँग, त्यसले पैदा गरेको संस्कार, संस्कृतिसँग सम्बन्ध छ। प्रतिरोधको कथाहरु जब साझा हुन् थाल्छ, यस्तै प्रेरक साझा कथाहरुले क्रान्ति जन्माउछ। क्रान्ति हुनको निम्ति नव फरक विचार एवं वैचारिक नेतृत्व आवश्यक हुन्छ। नेतृत्वको नैतिक पुँजी र इच्छाशक्तिले जनविश्वास बढ्दा भिड जनतामा फेरिएर आन्दोलन बन्ने गर्छन्। आन्दोलन बन्नु पहिल्यै आन्दोलनका भ्रूणहरू देखा परिसकेका हुन्छन्। एक एक नागरिकमा पैदा भएको असन्तोष पानीको थोपा मिलेझैं मिल्दै गएको र त्यसले बृहत् रूप लिएको हरेक पल्टको विद्रोहमा नेपालीले देखेका छन्।

क्रान्तिकारी अवस्था भनेको क्रान्तिको सम्भावनाको सङ्केत गर्ने राजनीतिक अवस्था हो। देशको सामाजिक परिवेश अनुरुप राजनीतिक व्यवस्थाले कुनै किसिमको प्रतिक्रिया नदिँदा क्रान्तिको जन्म हुन्छ। उपरोक्त अवस्थाको साथ साथै अन्तर्राष्ट्रिय परिस्थिति पनि महत्वपूर्ण हुन्छ। यसका पनि पाँच परिस्थिति हुन्छन। जस्तै १) विश्व अनिश्चितताको अवस्था अर्थात सैद्धान्तिक वैचारिकरुपमा समस्या, २) विश्वव्यापी क्रान्तिकारी लहरहरू, ३) विश्व प्रणाली र विश्व संस्थाहरुमा आएको परिवर्तन, ४) भू-राजनीतिक अवस्था, ५) अन्तर्राष्ट्रिय सम्बन्ध एवं प्रभावहरू मुख्य हो। त्यसैले अन्तर्राष्ट्रिय प्रणालीमा भएका परिवर्तनहरूले क्रान्तिकारी परिवर्तनका लागि इन्धनको रूपमा काम गर्छन्। अन्तराष्ट्रिय परिस्थितिको विस्तृत व्याख्या यस अवधारणाको अन्त्यमा उल्लेख छ।

२.३ बस्तुगत परिस्थितिको हल

(क) राज्य र जनता बिचको लगाव आवश्यक - नेपालमा गोर्खा राज्यको विस्तारको क्रममा देशको नाम नेपाल नामाकरणपछि गोर्खाली राष्ट्रीय ता निर्माण गर्ने प्रयास गर्यो, त्यसको निम्ति गोर्खाली भाषा, भेष एवं संस्कृति बनाउने प्रयास गर्यो। अर्थात राज घरानाको संस्कृतिलाई आधार मानेर एकल राष्ट्रवादी राज्यको सुरुवात भएको हो। त्यति बेला विश्व व्यापी एक राष्ट्र एक राज्य भन्ने राजनीतिक अवधारणाको विकास भएको थियो। युरोपमा अघि बढेको राष्ट्र राज्यको अवधारणा संगै नेपालमा पनि एकल राष्ट्र जबर्जस्ती बनाउने अभियानको प्रारम्भ भयो, यो एउटा औपनिवेशिक अवधारणा थियो। यो परियोजना लागु गर्न राज्य हर सम्भव प्रयास गर्यो, कानुन बनायो, शिक्षामा लागु गर्यो नमानेको खण्डमा दमन गर्यो। "एउटै भाषा एउटै भेष, एउटै राजा एउटै देश" नारा एवं मुल मन्त्र नै बनाए।

यति गर्दा पनि उक्त परियोजना सफल हुन् सकेन। यहाँका स्व-देशी(आदिवासी, मधेशी, खस) जनता आफ्नो संस्कृति छोडन तयार भएनन्। नेपाल यहाँका स्व-देशी राष्ट्रहरूको राज्य हो यसर्थ यहाँ हाम्रो बहुल सँस्कृतिहरूको निरन्तरताको धार छ। एतिहासिक कालदेखि नै नेपाल विश्वका अन्य मुलुकहरुको माझ एक सार्वभौम मुलुकको रुपमा सगौरव अस्तित्ववान छ र हामी सम्पूर्ण नेपालीहरु स्व-देशको भावनामा गहिरो गरी बाँधिदै आएका छौं। मानिसको निमित्त आफ्नो स्व-देश वा मातृभूमी (वा पितृभूमी) नै स्वर्ग हुन्छ। जननी जन्मभूमिस्च स्वर्गदपी गरियसी। मानिसको निमित्त जननी र जन्मभूमी वा देशसँग चराचर जीवन-जगतको अन्योन्याश्रित अनन्त सम्बन्ध हुन्छ। आधुनिक राज्यले त्यो सम्बन्ध तोडने प्रयास गर्यो। हजारौं वर्षको ज्ञान (शास्त्र) र कर्मद्वारा यस धर्तीमाताभित्रै आफ्नो जन्मभूमी वा स्व-देश निर्माण गर्दै आयौ। सिंगो धर्ती नै मानिस लगायत चराचर वस्तुको जन्मभूमी हो तर हामीले पनि यहिँ आफ्नो स्वदेश बनायौं र यसरी नेपालको धर्तीमा पनि धेरै स्व-देशहरु निर्माण भयो। जब आधुनिक राज्य अवधारणा आयो, सयौं मानव समुहहरु मध्यका सिमित संख्याका मानव समुहले आफ्नो ज्ञान र कर्मद्वारा उनीहरुको स्व-देश भावनालाई अन्यमाथि विस्तार गर्यो। त्यसको निमित्त ति सिमित संख्याका मानव समुहहरुको ज्ञान (शास्त्र) र कर्मलाई शस्त्रद्वारा अब्बल बनाइयो र अन्यमाथि औपनिवेशिकता लाद्ने काम भयो।

विभिन्न शब्द कोषको अनुसार कुनै जन समुदायले भुमीसँगको पुर्ख्यौली सम्बन्ध, भाषा, इतिहास, संस्कृति, जीवन दर्शन आदिका आधारमा अन्य समूहभन्दा आफ्नो समूहलाई फरक मान्छन् भने त्यो समुदाय एउटा राष्ट्र हो। राज्य वा देश शब्दको व्युत्पति राष्ट्रको जति पुरानो छैन र होइन पनि। राज्यको अर्थ र सान्दर्भिकता एउटा निश्चित चौघेराभित्र प्रशासनिक, राजनैतिक व्यवसंस्थापन , सैन्य, सामरिक सुरक्षा, नागरिकको बालिग मताधिकार आदिको व्यवस्थासँग जोडिएको छ। यस अर्थमा नेपाल एउटा 'राज्य वा देश' त बन्यो तर राष्ट्र निर्माणको दिशामा अगाडी बढन सकेन। त्यसैले यहाँ राष्ट्रियताको अभाव हुन् गयो। जब राष्ट्र र राज्य एक हुँदैन त्यही बाट अलगाव शुरु हुन्छ। राज्य र राष्ट्र दुवै एक अर्काका परिपूरक हुनुपर्दछ। हुन त राष्ट्रलाई आधार मानेर राज्यको स्थापना र निर्माण गर्ने चलन मूलत: युरोपबाट सुरु भयो। युरोपको राष्ट्रवादको भावना र प्रगतिको कारण पनि यहिँ रह्यो। त्यसो भए नेपालमा जनता र राज्यबीच कसरी भावना जोडने महत्वपूर्ण प्रश्न र हल गर्नुपर्ने विषय यही हो। यसको निम्ति स्व-देशी जनताले नेपालमाथि शासन गर्नुपर्छ र यो मात्र एउटा बाटो हो, समाज र राज्यबीचको फल्टलाईन मेटाउने जसले नेपाली निजी जीवनहरू र राज्य संयन्त्रहरूलाई समेत प्रभावित पारि आएको छ, त्यसको अन्त्य जरुरी भएको छ।

तत्कालिन वाह्य वा आन्तरिक (अँग्रेज वा गोर्खा) साम्राज्यको विस्तारको प्रमुख आधार जमीन सहित प्राकृतिक स्रोतमाथिको अतिक्रमण नै थियो। राजनितिक रूपमा स्व-देशी जनता लगायत अन्य समुदायहरूको आआफ्नो उद्‌गम थलोकिलो गोर्खा राज्यमा गाभिएसँगै उनीहरूको स्व-देशी ज्ञान-प्रणाली, राज-निकाय, राजनितिक संस्था, शासनविधि, न्याय व्यवस्था आदि ध्वंश गरे र यहिँ क्रममा राजनितिक विद्रोहहरू पनि भए जसलाई केन्द्रिय सेनाले निर्ममतापुर्वक दमन गरे। जब एतिहासिक राष्ट्रहरूको राजनितिक सत्ता (पोलिटि) ध्वंश गर्न प्रहार भए क्रमैसँग सामन्ति शासनले जनताको सामाजिक-साँस्कृतिक र आर्थिक संरचनाहरू पनि ध्वंस गर्न थाले जसको विरुद्ध भएको सामाजिक-साँस्कृतिक तथा भाषिक आन्दोलनहरूको पनि निर्ममतापूर्वक दमन गरियो। स्व-देशी जनताहरूका लागि, देशीय लगाव प्राय: तिनीहरूको आफ्नो संसारको सामाजिक, आध्यात्मिक र साँस्कृतिक दृष्टिकोण नै मुख्य आधार हो। अधिकांश स्व-देशी जनताहरूको समाजमा, भूमीले सामाजिक पहिचान प्रदान गर्दछ तर भूमीले आध्यात्मिक र साँस्कृतिक विशिष्टता पनि प्रदान गर्दछ। हाम्रो भुमि मातृभूमि, पितृभूमि र देब भुमि हो। शताब्दीयौंदेखि, स्व-देशीहरूले आफ्नो भुमी र देशहरूसँग गहिरो सम्बन्ध विकास गरेका छन। सोही स्व-देश प्राप्त गर्नको निमित्त हामीले ग्राम स्वराज, गणराज्य र बहुलराष्ट्रिय राज्य स्थापित गर्नु पर्दछ।

(ख) वैधानिक राज्य आवश्यक - विश्व भरी प्राय राज्यहरु देश (राष्ट्र) अनुकुल बनेको छैन। देशीय वा देशत्व बेगरको आधुनिक राज्यहरु बनेको छ। नेपाली राज्य र शासन प्रणाली जुन पहाडी गोर्खाली राष्ट्रवादको जगमा निर्माण भएको थियो, हाल माटो र मन नमिले पछि वैधताको संकट बेहोरिरहेको छ। राज्य हुन् 'हामी' बेगर सम्भव छैन, यहाँ कृतिम रुपमा हामी निर्माण गर्न 'भारत बिरोधि राष्ट्रवाद'को भाष्य निर्माण गरियो। यो खासमा साम्राज्यहरुको उपनिवेशबाट विभिन्न देशहरु स्वतन्त्र भैरहँदा साम्राज्यवादी मुलुक विरुद्ध सृजना गरिएको राष्ट्रवादको नक्कल गरिएको थियो। त्यस बखत उपनिवेश बाट स्वतन्त्र हुने प्राय जसो मुलुकसंग हामी तत्व थियो, त्यही नै राष्ट्रीय ता हो, त्यसैको बलमा स्वतन्त्रता हासिल गरे र वैधता पनि प्राप्त गरे। 'हामी' भन्ने तत्वको अभाव भए वैधानिकता प्राप्त गर्न छलछाम गर्नुपर्ने हुन्छ। जस्तै नेपाल पनि संयुक्त राष्ट्र संघमा वैधानिकता प्राप्त गर्न भाषामा रन्जना लिपिको नेपा भाषा सिफारिस गरे। यसरी संस्कृति एउटा समुदायको, भाषा अर्कै समुदायको लिपि अर्कै समुदायको अनि व्यवहारमा आफ्नो मात्रै एकल, यसले 'हामी' भन्ने तत्वको हुर्मत लियो।'हामी' तत्व भएको एक राष्ट्र एक राज्य हुने भएकोले नै संयुक्त राष्ट्र संघ कहलिएको हो नभए संयुक्त राज्य संघ भानिन्थियो। यस अर्थमा नै नेपाल राज्य अवैधानिक हुन् गएको हो।

इतिहासको संयोगद्वारा (युद्धमा जितेर वा औपनिवेशिक कब्जा गरेर वा एकीकरण गरेर जसरी भएपनि) निर्माण हुन गएको भएपनि हामी तत्वहरु जो अझै किनारीकृत छन्। उनीहरु वर्तमान मालिकहरूसँग, उनीहरूमाथि शासन गर्ने निरपेक्ष अधिकार छ भन्ने कुरा स्वीकार गर्न तयार छैनन्। यस्तो अभिव्यक्ति लिम्बु, मधेशी, तामांग, नेवार लगायतले पटकपटक बलिदान समेत दिएर व्यक्त गरी सकेका छन्। तसर्थ वैधताको लागि नयाँ आधार स्थापना गर्न, 'हामी' पहिचान गर्नु आवश्यक छ,(तत्काल पहिचान गरिएका राष्ट्रहरु अनुसूचीमा उल्लेख छ), जसले नयाँ राष्ट्रिय ईकाई गठन (निर्माण) गर्नेछ। यो नै नयाँ वैधता सहित नयाँ नेपाल निर्माण गर्ने एकमात्र उपाय हो। हो नेपालमा धेरै राष्ट्रहरु(पहिचानहरु) छन्। ति सबै राष्ट्रहरुको साझा राज्य नेपाल हो। त्यसैले बहुल राष्ट्र राज्य निर्माणार्थ राष्ट्रिय मुक्ति क्रान्ति नेपाल आवश्यक भएको हो। देशवासीमा न्यूनतम साझा मूल्य कायम गर्न, विभिन्न राष्ट्र/जाति/भूगोललाई राज्य भावनामा आबद्ध गर्न, अल्पसंख्यक वर्ग र अन्य वर्गबिचको दुरी कम गर्न, सामाजिक सहभावलाई स्थापित गर्न र राज्य प्रणालीको वैधता कायम गर्न बहुल राष्ट्र राज्य निर्माणको विकल्प नै छैन। तसर्थ मुलुकमा व्याप्त राज्य औपनिवेशिकताको अन्त्य गर्ने र मुलुकमा दीर्घकालिन वा दीगो शान्ति स्थापना गर्ने मार्गचित्र राष्ट्रिय मुक्ति क्रान्ति नेपालको हो।

वैकल्पिक सत्ताको आधार तथा वैधता - अन्तराष्ट्रिय रुपमा १) विश्वका प्रथम राष्ट्र आदिवासीहरु सर्वभौम थिए, छन् र रहनेछन् भन्ने मान्यता, २) राष्ट्रियतालाई राजत्वको दावा गर्ने स्वाभाविक अधिकारको मान्यता, ३) आदिवासीवाद र बहुलराष्ट्रवादको सिद्धान्त अनुसार प्रत्येक प्राकृतिक-साँस्कृतिक मानव समुदायहरु एक राजनीतिक इकाई हुन र तिनिहरुलाई आत्मनिर्णयको अधिकार छ, भन्ने संयुक्त राष्ट्र संघीय मान्यता, ४)अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९, ५) अनड्रिपलगायतलले दिएको आदिवासीय अधिकारहरु, ६) नश्लको आधारमा हुने भेदभाव विरुद्धको डार्वन घोषणा पत्र, ७) क्योटो प्रोटोकल लगायत संयुक्त राष्ट्र संघ संलग्न भई निर्माण गरेको अन्य नीतिहरु। नेपाल लगायत देशहरु उपरोक्त सन्धि, अभिसन्धि, महासन्धि, घोषणा पत्रको समर्थन र अनुमोदन गरेर त्यसको पक्षराष्ट्र भई कार्यान्वयन गर्न मन्जुरीनामा बुझाएका छन्।

८) त्यसैगरी राष्ट्रिय रुपमा नेपाल राज्य नै बन्ने(विस्तार) क्रममा विभिन्न राष्ट्र/जाति/समुदायसंग गरिएको एतिहासिक सन्धि सम्झौताहरु जस्तै लिम्बुवान संग, सुगौली सन्धि बखत मधेशीको बारेमा आदी ९) विगतमा नेपालका एतिहासिक प्रथम राष्ट्र आदिवासी जनजाती, मधेसी, थारु, खस, दलित, मुस्लिम,पिछडा वर्ग लगायत

*क्रमशः...*

# समग्र चुरेको संरक्षणका लागि 'राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति' बनाइएको हो

चुरे के हो भनेर बुझ्नुपर्नेछ । तराईमा रहेको एकदम कमजोर पहाड हो चुरे । यो क्षेत्र अत्यन्तै संवेदनशील छ । यद्यपि उत्पादन बढी हुने हुँदा र अरू विभिन्न कारणले यहाँ बस्ती बढेको छ । हिजो त्यस क्षेत्रको जनसंख्या १० लाख थियो, अहिले ५० लाख पुग्यो । वन क्षेत्र अतिक्रमण भयो । अर्कोतिर, जलवायु परिवर्तनको असर चुरे क्षेत्रमा परेको छ । हामीले अनुभव गर्न सक्ने गरी त्यहाँ अतिवृष्टि र अनावृष्टि हुने गरेका छन् । धेरै पानी पर्दा यहाँको ढुङ्गा-माटो बगेर गएको छ । अर्कोतिर अव्यवस्थित किसिमले यहाँ बालुवा-गिटी निकालिएका छन् । त्यसमाथि भौतिक पूर्वाधारको विकासका कारण पनि यहाँको कमजोर भूभागमा असर गरेकै छ ।

**डा.किरण पौडेल**

**अध्यक्ष, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति**



**० नेपाल सरकारले आर्थिक वर्ष २०६६/६७ देखि चुरे संरक्षणलाई अभियानका रूपमा सञ्चालन गर्न राष्ट्रपति चुरे संरक्षण कार्यक्रम प्रारम्भ गऱ्यो । त्यसको करिब चार वर्षपछि ( २०७१ असार २ गते) यसै योजनालाई राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति बनाइयो । वास्तवमा यो कस्तो खालको आयोजना हो ?**

– यो चुरेमा धेरै खोज्नुपर्ने विषय छन् चुरे कहाँ छ ? कति क्षेत्र चुरे हो ? चुरेमा के के विनाश कसरी भएको छ ? र, संरक्षण कसरी भइरहेको छ ? आदि । अस्ति काभ्रेको रोशीमा पहिरो आउँदा पनि कतिले चुरे विनाशका कारण भने । त्यसैले चुरे के हो भनेर बुझ्नुपर्नेछ ।

तराईमा रहेको एकदम कमजोर पहाड हो चुरे । यो क्षेत्र अत्यन्तै संवेदनशील छ । यद्यपि उत्पादन बढी हुने हुँदा र अरू विभिन्न कारणले यहाँ बस्ती बढेको छ । हिजो त्यस क्षेत्रको जनसंख्या १० लाख थियो, अहिले ५० लाख पुग्यो । वन क्षेत्र अतिक्रमण भयो ।

अर्कोतिर, जलवायु परिवर्तनको असर चुरे क्षेत्रमा परेको छ । हामीले अनुभव गर्न सक्ने गरी त्यहाँ अतिवृष्टि र अनावृष्टि हुने गरेका छन् । धेरै पानी पर्दा यहाँको ढुङ्गा-माटो बगेर गएको छ । अर्कोतिर अव्यवस्थित किसिमले यहाँ बालुवा-गिटी निकालिएका छन् । त्यसमाथि भौतिक पूर्वाधारको विकासका कारण पनि यहाँको कमजोर भूभागमा असर गरेकै छ । त्यसैले २०६६/६७ देखि चुरे संरक्षण अभियान कार्यक्रम सञ्चालन गरियो । त्यसलाई राष्ट्रिय गौरवको आयोजनाबाट सञ्चालन गर्न २०७१ असार २ गते राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन भयो । यसको मुख्य काम चुरे संरक्षणका लागि मास्टर प्लान तयार पार्ने थियो । सोही अनुरूप २० वर्षीय (२०७४ देखि २०९४ सम्मका लागि) गुरुयोजना बनेको हो ।

**० चुरे संरक्षणका लागि अन्य पनि कार्यक्रम छन्, तीभन्दा यो आयोजना के कति फरक छ ?**

– यो आयोजनाले सबैलाई गाइड गर्ने हो । यो एउटा आयोजनालाई मात्रै बनाएको 'मास्टर प्लान' होइन । समग्र चुरेको संरक्षणका लागि बनाइएको हो ।

पूर्वदेखि पश्चिमसम्मका चुरेसँग सम्बन्धित समस्यामा यसले काम गर्छ । केही पहाडी जिल्लाका तल्लो भाग पनि यस चुरे क्षेत्रमा पर्छन् । तराईका सबै जिल्ला र खासगरी भित्री मधेशका भूभाग चुरे क्षेत्रमा परेका छन् । त्यसो हुँदा यो बृहत योजना हो । यस अन्तर्गत सातै प्रदेशका ३७ जिल्लाका ३२५ पालिका परेका छन् ।

अरू निकाय वा संघ-संस्थाले पनि यो गुरुयोजना अनुसार काम गर्ने हो, यही अर्थमा यो फरक छ ।

जस्तोः चुरे उत्थानशील आयोजनाले ११ जिल्लाका २६ वटा नदी तथा नदीका वरिपरिको क्षेत्र संरक्षणका लागि काम गरिरहेको छ, त्यहाँ पनि यही २० वर्षीय योजना अनुसार कार्य हुन्छ ।

हामीले यो गुरुयोजनालाई परिमार्जन गर्दै छौँ । यो गुरुयोजना संघीयताअघि आएको हो, अब यसलाई संघीयता अनुसार परिमार्जन गर्छौं । प्रदेश र पालिकाले पनि संरक्षण गर्न मिल्ने गरी योजना ल्याउनेछौँ । यस्तै, सरकारको बजेटले मात्रै संरक्षण गर्न नसकिने भएकाले बाहिरबाट लगानी आउने गरी परिमार्जन गर्दै छौँ ।

**० सुरुदेखि हेर्दा यो योजना अहिले ११औँ वर्षमा हिँडिरहेको छ, यसको प्रगति लक्षित वर्गले महसुस गर्न पाएका छन् त ?**

– पक्कै छन् । झापामा एकदम पिछडिएको जनजातिको बस्ती रहेछ । त्यहाँ जम्मा एक सय मिटर तटबन्ध बाँधेर एक सय बिघा जग्गा संरक्षण गरेका छौँ । त्यहाँ हराभरा खेत बनेको छ । धनुषा जिल्लाको ढल्केमा साढे एकदेखि दुई हेक्टरमा पोखरी छ । ती पोखरीबाट तीन सय घरधुरीले पानी पाएका छन् । यस्ता पोखरी १५ सयको हाराहारीमा बनाएका छौँ ।

**० समग्र योजनाका लागि कति बजेटको आकलन गरिएको छ ? हालसम्म कति खर्च भयो ? खर्च भए अनुसार उपलब्धि सन्तोषजनक नै मान्नुहुन्छ ?**

– २०७४ सालमा मास्टर प्लान बनेर सरकारबाट स्वीकृति पायो । त्यतिबेला दुई खर्ब ५० करोड रुपैयाँ लाग्ने अनुमान गरिएको थियो । ३७ जिल्लामा १६४ नदी प्रणाली भनेर पहिचान गरेका छौँ । जसको संरक्षण गर्नुपर्नेछ ।

पहिलो पाँच वर्षमा १६४ नदीमा काम गर्ने भनिएको थियो । पहिलो पाँच वर्षमा ६३ देखि ६४ नदीमा काम भयो । अहिले ७२ देखि ७३ नदीमा काम गर्दै छौँ ।

यसमा मुख्य आर्थिक स्रोत नेपाल सरकार हो । वार्षिक रूपमा १३ देखि २२ अर्ब रुपैयाँ आवश्यक पर्ने देखिए पनि सरकारले सरदर १ अर्ब मात्रै बजेट दिने गरेको छ । एक अर्बले ती सबै समस्या समाधान गर्न सकिँदैन, तर जहाँ लगानी गरिएको छ, त्यहाँ राम्रो प्रभाव परेको छ । ६ वर्षमा १६ अर्ब रकम खर्च भयो, जब कि अहिलेसम्म ९२ अर्ब खर्च गर्नुपर्ने थियो ।

**० चुरे संरक्षणका नाममा वार्षिक अर्बौं खर्च हुन्छ, तर चुरेसँग जनजीवन जोडिएकाको हालत खराब छ । पानी सुक्दै गएको छ । बाढीले हरेक वर्ष सताउँछ, किन यस्तो ?**

– यो आयोजना बनाउँदा भन्दा अहिले कैयौँ गुणा समस्या थपिएका छन् । ती समस्या थपिएर आयोजनाले निर्धारण गरेको ठाउँभन्दा पनि नयाँ-नयाँ ठाउँमा संरक्षणको काम गर्नुपरेको छ । गत साल सबै ठाउँबाट ५० अर्ब बराबर रकम माग गरिएको थियो । हिजोभन्दा आज बढी समस्या थपिएका छन् । चुरे संरक्षण समितिले मात्रै संरक्षण गरेर सम्भव हुने स्थिति छैन । हामीले सबैको काम हेर्नुपर्छ । जस्तोः एउटाले बाटो खन्छ र ढुंगा-माटो लगेर खोलामा फाल्छ । त्यसलाई खोलाले बगाउँछ र समस्या निम्त्याउँछ । सडक खन्दा त्यहीँ नै व्यवस्थापन गरेमा हाम्रो संरक्षणको काम एकतिहाइ मात्रै हुन्थ्यो ।

सबैभन्दा बढी समस्या थपिएको अनियन्त्रित सडक खनेरै हो । वर्षैपिच्छे बाटो खनिएको छ, अर्को मर्मत-सम्भार भनेर भत्काइएको छ । समन्वयमा पनि समस्या छ । काठमाडौँमै हेर्नुस्, सडक एकटक खानेपानीले खन्छ, अर्को पटक दूरसञ्चारले खन्छ ।

टेलिभिजनवाला, ढल बनाउने वाला आदिले पटक-पटक खन्छन् । यस्तै विभिन्न निकायसँगको समन्वयको समस्या चुरेमा पनि छ । -रातोपाटीबाट

# प्लाष्टिक प्रदूषण विरुद्ध विद्यार्थीको अभियान




सप्तरी । रूपनगर क्याम्पस र विद्यार्थीहरूको समूह 'रूपनगर युथ स्क्वाड' ले प्लाष्टिक प्रदूषण विरूद्ध वृहत्त र्‍याली गरी फोहर प्लाष्टिक सङ्कलन गरेका छन्।

वातावरण र स्वास्थ्यलाई हानी पुर्‍याउने जथाभावी फालिएका प्लाष्टिक फोहर नियन्त्रण गर्ने अभियान अन्तर्गत् शनिबार बिहान रूपनगर चोक क्षेत्रबाट प्लाष्टिक फोहर सङ्कलन गरिएको हो।

रूपनगर नन्दराज संग्रौला क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलको अगुवाइमा सञ्चालन गरिएको प्लाष्टिक प्रदूषण विरूद्धको अभियानमा क्याम्पस सञ्चालक समितिका सदस्य तथा समाजसेवी सुरज पोखरेल, कञ्चनरूप नगरपालिका वडा नम्बर १२ का सदस्य जैनुद्दिन मिया, नेपाल मुस्लिम इत्तेहाद संगठनका केन्द्रीय सदस्य कमरूद्दिन अली, आरडी मेमोरियल एकेडेमीका प्रिन्सिपल प्रकाश दास, क्याम्पसका शिक्षकद्वय पेशल जोशी र श्रवण चौधरी, रूपनगर क्याम्पस र आरडी एकेडेमीका विद्यार्थी, जनप्रतिनिधि, समाजसेवी, राजनीतिज्ञ, पत्रकार तथा स्थानीयहरू समेतको उत्साहजनक सहभागिता उक्त कार्यक्रममा थियो।

रूपनगर क्याम्पसका केही जागरूक विद्यार्थीहरूको समूह 'रूपनगर युथ स्क्वाड' को ब्यानरमा आयोजित सो अभियानमा सङ्कलित प्लाष्टिक फोहरबाट 'इको-ब्रिक' बनाइने जानकारी 'रूपनगर युथ स्क्वाड' का संयोजक आफताब अलीले दिए । संयोजक अलीका अनुसार 'प्लाष्टिक फोहरलाई प्लाष्टिककै बोतलमा भरेर, खाँदेर बनाइने 'इको-ब्रिक' बाट सार्वजनिक स्थलमा बस्ने मुढा, बेञ्च, कुर्शी आदि बनाउने कार्यक्रम हो यो।' आफताब अलीले दिएको जानकारी अनुसार 'प्लाष्टिक प्रदूषण विरूद्ध जुटौं' भन्ने नारा रहेको यो अभियानका लागि पुरक एशिया नामक संस्थाले समेत सहयोग गरेको छ। 'प्लाष्टिक प्रदूषण विरूद्धको यो अभियान आज एक दिनका लागि मात्र होइन, यसलाई हामी निरन्तर जारी राख्ने छौं,' अली भन्छन्।

प्लाष्टिक फोहर बटुलेर इको ब्रिक बनाइ सार्वजनिक विश्राम स्थल, फूलबारी सजावट जस्ता उपयोगी काममा प्रयोग गरिने यो अभियानले प्लाष्टिक प्रदूषण नियन्त्रण गर्न मद्दत पुग्ने विश्वास क्याम्पस प्रमुख प्राध्यापक गजुरेलको छ।

स्वच्छ, स्वस्थ्य र हरियो भविष्यको यो अभियानमा सहभागी हुन र सहयोग गर्न चाहने वातावरण प्रेमीहरूले रूपनगर क्याम्पसमा सम्पर्क गर्न सकिने जानकारी प्राध्यापक गजुरेलले दिए ।

# 'अब जनताले सडकबाटै यो सरकार र व्यवस्था फाल्ने'

महोत्तरी । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकार असफल भईसकेको टिप्पणी गर्दै अब आम जनताले सडकबाटै यो सरकार र व्यवस्थाको अन्त्येष्टि गर्नुको बिकल्प नभएको बताएका छन् ।

आजपा मधेश प्रदेश कमिटीद्धारा आयोजित 'भ्रष्टाचार बिरुद्ध मधेश यात्रा' कार्यक्रमको महोत्तरीको जलेश्वरमा आयोजित आमसभालाई सम्बोधन गर्दै आजपा अध्यक्ष साहले शान्ति सुरक्षा कायम गर्न असफल भएको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार हरेक बस्तुमा कर आतंक मचाएकाले आम जनता सडकमा आह्वन समेत गरेका छन् ।

आम जनताको शासन व्यवस्थाका लागि सडकबाटै यो सरकार र व्यवस्था फाल्ने बताउदै तेस्रो जनआन्दोलनको बिकल्प नभएको बताए । उनले जनता र मुलुक विरोधी तानाशाही सरकार र यो व्यवस्थाको विरोधमा उत्रिन आह्वान गर्दै भ्रष्ट नेताहरुमाथि कसैको विश्वास नभएको बताए । उनले कुनै काम नलाग्ने यो सरकार र व्यवस्था फाल्नमा ढिलाई गरे मुलुकले ठुलो मुल्य चुकाउनुपर्ने बताए ।

मुलुकमा मनोमानी कर बढाएर जनताको ढाड सेक्ने काम भईरहेको बताउदै भ्रष्टाचार, लुट, आतंक, बेरोजगारी बढेको, कामका लागि युवाहरु खाडी मुलुक जान बाध्य बनाइएको उनले बताए । तीनै तहको सरकारले मनोमानी कर आतंक मचाएको बताउदै उनले यस्तो भ्रष्ट व्यवस्था र सरकार बिरुद्ध कहिले सम्म चुप लागेर बस्ने भन्दै प्रश्न गरेका छन् । यस्तो अवस्थामा अब जनताले सडकबाटै यो व्यवस्था र सरकार फाल्ने उदघोष गर्दै सडकबाटै सरकार गठन गर्ने चेतावनी दिए ।

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई भ्रष्ट र लुटेराहरुको सरकारको संज्ञा दिदै आजपा अध्यक्ष साहले भने, 'यो सरकारले भ्रष्ट, लुटेरा, अपराधीलाई संरक्षण दिईरहेको छ । विरोध गर्ने विपक्षीलाई तर्साउने, पक्राउ गर्ने तर जघन्य अपराधका अपराधीलाई जोगाउने काम गरेको छ । त्यसैले यो व्यवस्था र सरकार हुँदासम्म मुलुक समृद्ध हुन सक्दैन् । स्थायित्व, समृद्धि र जनताको आवश्यक्ता एवं चाहना पुरा गर्नका लागि यो व्यवस्था र सरकार सडकबाटै जनताले फाल्न ढिलाई गर्नु भएन् ।'

विपक्षीलाई दबाउने, भ्रष्टाचारीलाई जोगाउने र जनतालाई ऋण बोकाउने काम वर्तमान सरकारले गरेको बताउँदै उनले यसको बिकल्प अब सडकबाटै जनताले खोजिरहेको बताए । 'यो सरकार भ्रष्टाचारी र विचौलियालाई जोगाउने काममा लागेको देखियो । विकास होईन उल्टै जनतालाई ऋण बोकाउने काममा लागेको देखियो । बाढि, पहिरोलगायतका प्राकृतिक विपत्तिमा सरकार राहत नभनेर पीडित जनताको लागि नै बोझ बनेको देखियो । त्यसैले निरास जनताले यसको बिकल्प खोजिरहेका छन्' आजपा अध्यक्ष साहले भने ।

सत्ताको दुरूपयोग गरी व्यापारीबाट अनुचित लाभ लिने गरेको ओली सरकारले भ्रष्ट कर्मचारीलाई प्रोत्साहन र इमान्दारलाई दण्डित गरिरहेको उनले बताए । जनताको आवश्यक्ता र चाहना अनुसार सेवा प्रवाह गरेर जनतामा आशा जगाउने काम गर्नुको साटो सरकारले जनतालाई ऋणको भारी बोकाउने र राज्यको ढुकुटी लुटने काममै केन्द्रित भएको उनको आरोप छ ।

# लघुवित्त पीडितद्वारा गाउँ-गाउँबाट वित्तीय माफियाहरुलाई लखेट्ने घोषणा

काठमाडौं । सरकारले आफ्ना माग पुरा नगरे चैतबाट लुघुवित्त तथा वित्तिय शोषण विरुद्धको संघर्ष समिति नेपालले गाउँगाउँबाट वित्तिय संस्था लखेट्ने घोषणा गरेको छ । मंगलबार संवाद डबलीमा पत्रकार सम्मेलनको आयोजना गरी सरकारलाई गैर जिम्मेवार नबन्न चेतावनीसमेत दिएको छ ।

सो कार्यक्रममा प्राडा सुरेन्द्र केसीले वर्तमान ओली सरकार पीडितहरुलाई न्याय दिनेभन्दा निर्मम हुन थालेको आरोप लगाए । केसीले लघुवित्त पीडितहरुको प्रतिवेदन सरकारले सार्बजनिक र कार्यानवयन गर्नुपर्ने धारणा राख्दै भने,"सरकारले पीडितका कुरा नसुन्ने हो भने यो सरकारलाई यीनै पीडितको आन्दोलन चुनौति बन्ने निश्चित छ ।"

समितिका अध्यक्ष मनिराम ज्ञावालीले नेपाल सरकार राष्ट्र बैंको डेपुटी गभर्नर निलम ढुङगाना तिमिसिनाको नेतृत्वमा गठित स्थलगत अध्ययन कार्यदलले लघुवित्त पीडित प्रतिवेदन २०८१ असार २६ गते पारित प्रतिवेदनलाई सार्बजनिक र कार्यान्वयन गर्न माग गरे । सरकारले त्यसो नगरेकाले थप मागहरुसहित समग्र वित्तिय शोषणको विरुद्धमा आउने चैत ५ गतेदेखि काठमाडौं केन्द्रीकृत आन्दोलन गर्ने घोषणा गरेका छन् । अध्यक्ष ज्ञवालीले माग पुरा नहुनजेल आन्दोलनमा जुट्न लघुवित्त, बैंक, सहकारी र मिटर ब्याजी पीडितहरुलाई एकजुट भई आन्दोलनमा जुट्न अनुरोध गरे । ज्ञवालीले वित्तिय शोषण विरुद्धको संघर्षमा आफूहरु संस्थापन पक्ष रहेकाले पनि सबैलाई आफ्नो व्यक्तिगत स्वार्थ त्यागी वित्तिय शोषणको अन्त्य गर्नका लागि एकजुट हुन अनुरोध गरे ।

लघुवित्त तथा वित्तिय शोषण विरुद्ध संघर्ष समिति नेपालका संरक्षक अगस्त अधिकारीले सरकारले आफ्ना आवाजहरुलाई कुल्चने कुचेष्टा गरे गाउँगाउँबाट वित्तिय शोषकहरुलाई लखेट्ने चेतावानी दिए ।

नेसन फर्स्टका संयोजक डा.नन्द प्रसाद काप्रीले वर्तमान केपी ओली सरकार जनताको पक्षमाभन्दा, दलाल, भ्रष्टहरुको पक्षमा रहेको आरोप लागउँदै भने,"बैंक,लघुवित्त, सहकारी र मिटर ब्याजी पीडितले आवाज उठाउँदा जेल केच्दै छ, अब पीडितको आन्दोलनको भेलले ओली सरकार बगाउने दिन टाढा छैन ।"

राष्ट्रिय स्वयमसेवक नेपालका केन्द्रीय अध्यक्ष मनोज पौडेलले वित्तिय माफियाहरुसँग लड्न सम्पूर्ण तयारी पूरा गरिएको घोषणा गर्दै सरकारलाई चेतावनी दिए ।

सो समितिका प्रशिक्षण विभाग प्रमुख मणिप्रसाद चौलागाईले तीन वर्षदेखि लगातार आन्दोलन गर्दा पनि नसुन्ने सरकार जनता भन्दा पनि वित्तिय माफिया, भ्रष्टाचारी र तस्करहरुको संरक्षक भएको आरोप लगाए । चौलागईले त्यसका विरुद्ध जस्तोसुकै लडाईका निम्ति आम जनतालाई तयार हुन अनुरोध गरे । सो कार्यक्रमलाई राष्ट्रिय स्वयमसेवक नेपाल कोशी प्रदेशका संयोजक दिलीप ग्राङ्जा मगरले गरेका थिए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
